मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २९ ◆ अङ्क : २४१ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८१ साउन २ गते बुधबार (Wednesday, 17 July 2024) नेपाल सम्वत् ११४४ Web : www.purwanchaldaily .com ◆ मूल्य रु : ५/- भारतमा भारु : ४/-

## 'कण्डक्टर'ले बस चलाउँदा ...

**बनियानी, साउन १।** झापाको कनकाई नगरपालिका-२ स्थित पूर्वपश्चिम लोकमार्गमा बसको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु भएको छ। मृत्यु हुनेमा कमल गाउँपालिका-५का ४१ वर्षीय लक्ष्मीप्रसाद सुब्बा रहेको जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता प्रहरी नायब उपरीक्षक कृष्णकुमार चन्दले जानकारी दिए।

कनकाई-२ पवित्रा पेट्रोलपम्प नजिक पूर्वपश्चिम

*(बाँकी अन्तिम पृष्ठमा)*

कोशी प्रदेश

## सरकारबाट बाहिरिन माओवादीको आलटाल




**विराटनगर, साउन १।** नेकपा माओवादी केन्द्रले कोशी प्रदेश सरकारबाट बाहिरिन आलटाल गरिरहेको छ।

नयाँ गठबन्धनले संघीय सरकार बनाइसकेको र अन्य प्रदेश सरकारमा पनि परिवर्तनको प्रक्रिया शुरु भइसके पनि माओवादीले कोशी प्रदेशबाट बाहिरिने छाँट देखाएको छैन्। मुख्यमन्त्री हिक्मतकुमार कार्कीले आफूहरूसँग राजीनामा नमागेको र आफ्नो पार्टीले पनि सरकारबाट बाहिरिन निर्देशन पनि नदिएको भन्दै माओवादी सरकारमा बासिरहेको हो।

प्रदेश सरकार स्वायत्त भएको भन्दै माओवादी केन्द्र प्रदेश कमिटी सचिव समेत रहेका भौतिक पूर्वाधार विकासमन्त्री गणेश उप्रेतीले केन्द्रको राजनीतिको छाया प्रदेश सरकारमा पर्न नहुने तर्क गरे। आफूहरूले नै बनाएको सरकार किन छाड्ने भन्दै मन्त्री उप्रेतीले घुमाउरो पारामा सरकार नछाड्ने संकेत गरे।

गतवैशाख २७ गते नेकपा एमाले संसदीय दलका नेता हिक्मतकुमार कार्कीको नेतृत्वमा एमाले र माओवादीको सरकार गठन भएको थियो। सरकार गठन भएको एक महिना नबित्दै केन्द्रीय सत्ता समीकरण फेरिएपछि माओवादी मन्त्रीहरू सत्ता लम्ब्याउने प्रयासमा लागेका हुन्।

## ड्राइभिङ लाइसेन्समा राष्ट्रिय परिचयपत्र अनिवार्य

**झापा, साउन १।** साउन १ गतेदेखि व्यक्तिगत आयकर तथा कम्पनी दर्ता र सवारी चालक अनुमतिपत्रमा राष्ट्रिय परिचयपत्र अनिवार्य गरिएको छ। १० असारमा प्रकाशित राजपत्र अनुसार यी सरकारी कागजातका लागि राष्ट्रिय परिचयपत्र अनिवार्य गरिएको हो।

सरकारले राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन,

*(बाँकी अन्तिम पृष्ठमा)*

निर्दयी छोराबुहारी

# जसले आफ्नै बृद्ध बुबालाई जंगलमा छोडे

**मोरङ, साउन १।** संस्कृतमा एउटा भनाइ छ 'पितृ देवो भवः' अर्थात् बुवाआमा जिउँदा भगवान हुन् भन्ने भनाइ छ। चाहे जुनसुकै धर्म या सम्प्रदायमा किन नहोस् बुवाको हात समातेर पाइला चाल्न सिक्ने धेरै हुन्छन्। बुवाले सन्तानको खुशीका लागि हरेक कठिन समस्याहरुसँग कहिल्यै सम्झौता गर्दैनन्।

आफ्नो सन्तानको सुख र सुनौलो भविष्य सुनिश्चित गर्दै सात दशक पार गरेका मोरङका एक वृद्धलाई भने आफ्नै छोराबुहरीले जंगलमा लगेर छोडेको घटना बाहिरिएको छ। बेलबारी नगरपालिका-७का ७० वर्षीय वृद्ध जामुनलाल झाँगडलाई उनकै छोराबुहारीले जंगलमा लगेर छाडेका हुन्।



आफ्नै छोरा बुहारीले जामुनलाललाई बेलबारी-चिसाङ साझेदारी वन क्षेत्रको बीच जंगलमा लगेर छोडेको घटना बाहिरिएको हो। चारदिन यता वृद्धलाई जंगलको बीचमा लगेर छाडिएको पाइएपछि मंगलबार जामुनलालको उद्धार गरिएको छ। चिसाङ साझेदारी वनका अध्यक्ष दिनेश गिरीका अनुसार उद्धार गरिएका वृद्धको बेलबारी नगर अस्पतालमा उपचार भइरहेको छ। 'जो कोही मानिस पुग्नै नसक्ने ठाउँ जंगलको बीचमा लगेर छाडिएको रहेछ'- उनले भने- 'वनको गस्ती टोली हात्ती निरीक्षण गर्न जाँदा बीच जंगलमा देखेपछि सोधी-खोजी हुँदा घटना बाहिरिएको हो।'

गस्ती टोलीले सोधखोज गर्ने क्रममा चारदिन यता छोराबुहारीले आफूलाई जंगलमा छाडेको वृद्धले बताएका छन्। 'जंगलमै लगेर छाडिएको हो भन्ने पुष्टि हुने आधार पनि छ। गस्ती टोलीले मोटरसाइकल जंगलमा गएको डाम पनि पत्ता देखेका कारण जंगलमै लगेर छाडेको देखिन्छ'- उनले भने- 'हामीले दुईतिर बोरामा घोचा हालेर प्राथमिक स्ट्रेचर बनाएर गाडी आउने ठाउँसम्म बोकेर ल्यायौं। त्यसपछि गाडीमा हालेर अस्पतालसम्म पुऱ्याएका छौं।'

सव डिभिजन वन कार्यालय, इलाका प्रहरी कार्यालय र बेलबारी नगरपालिकाका प्रतिनिधिसहितको रोहबरमा उद्धार गरिएको उनले जनाए। वृद्धको भनाइ उद्धृत गर्दै उनले भने- 'छोराबुहारीले यहाँ ल्याएर छाडेपछि चारदिनदेखि यहीँ बसिरहेको छु।' अध्यक्ष गिरीका अनुसार वृद्धको शरीरमा चोट देखिएको छ। थरथर कापिरहेको अवस्थामा भेटिएका उनी राम्ररी बोल्न सक्ने अवस्थामा पनि छैनन्। ती वृद्ध वडा नं. ७ डाँगी टोलमा बस्ने गरेको खुलेको वडाध्यक्ष सुनीता चौधरीले पुष्टि गरिन्। आफूले छोराबुहारीलाई वडामा ल्याउन भनेको उनले बताइन्। 'छोराबुहारीलाई वडामा ल्याउन प्रहरीलाई भनेको छु'- उनले भनिन्।

उनका अनुसार बेलबारी-७स्थित एक परिवारमा आफन्त कहाँ आउजाउ गरिरहने वृद्ध सुन्दरहरैंचास्थित कोरियाडाँगी भन्ने ठाउँमा बस्दै आएका थिए। जेठो छोरा कहाँ बस्दै आएका उनका कान्छा छोरा भने भारतको पञ्जाबमा रोजगारको सिलसिलामा छन्। 'एक छोरा पञ्जाबमा बस्ने, एकजना सुन्दरहरैंचामा बस्ने र आउ-जाउ गर्ने हुँदोरहेछ। एक साताअघि छोराकोमा जान्छु भनेर बेलबारीबाट हिँड्नुभएको रहेछ'-

*(बाँकी अन्तिम पृष्ठमा)*

## जग्गा कारोबार बढेसँगै राजश्व वृद्धि

**भद्रपुर, साउन १।** भूमिसुधार तथा मालपोत कार्यालय भद्रपुरले आर्थिक वर्ष २०८०/०८१मा रु. ८० करोड ५८ लाख १४ हजार पाँच सय ९२ राजश्व सङ्कलन गरेको छ। ३६ हजार आठ सय ७५ थान रजिष्ट्रेशन पारितबाट उक्त आम्दानी भएको हो।

आव २०८०/०८१मा स्थानीय तहले जग्गा वर्गीकरण गरी कित्ताकाट शुरु भएसँगै जग्गाको कारोबार बढेकाले राजस्व बढेको मालपोत कार्यालयका सूचना अधिकारी राजु दाहालले बताए। गत आव २०७९/०८०को तुलनामा रु. २२ करोड १२ लाख ६९ हजार एक सय ९९ ले राजस्व वृद्धि भएको छ- उनले भने। गत आवमा रु. ५८ करोड ४५ लाख ४५ हजार तीन सय ९३ राजश्व सङ्कलन भएको थियो।

आर्थिक वर्ष २०८०/०८१मा सेवा करवापत रु. सात करोड ५१ लाख ३९ हजार चार सय ७६, रजिष्ट्रेशन दस्तुरबाट रु. ४७ करोड ३० लाख ३० हजार पाँच सय ५४, छुटवापत रु. छ करोड २७ लाख ८७ हजार छ सय १२, डोर सुविधा शुल्क रु. एक लाख ८९ हजार, पुँजीगत लाभकर रु ३२ करोड एक लाख २५ हजार दुई सय ६७ र विलम्ब शुल्कवापत रु. एक लाख १७ हजार नौ सय छ राजश्व सङ्कलन गरिएको उनले जानकारी दिए।

## पहिरोले पुरिएर दुई जनाको मृत्यु

**झापा, साउन १।** संखुवासभाको सिलिचोङ गाउँपालिका-१ बिलुवा दोभानमा पहिरोले पुरिएर एकाघरका दुई जनाको मृत्यु भएको छ भने एक जना घाइते भएका छन्।

मंगलबार बिहान ५ बजे सोही स्थानका मोतीमाया राईको टाटीबेरा भएको घरमा ढुंगासँगै पहिरो खस्दा घरभित्र रहेका ६ जनामध्ये घरधनी ५५ बर्षीया मोतीमाया राई र बुहारी २७ बर्षीया समिक्षा राईको घटनास्थलमै मृत्यु भएको थियो। त्यस्तै छोरी २७ बर्षीया रबिना राई घाइते भएकी छन्।

घाइते रबिनालाई थप उपचारको लागि नेपाली सेनाको हेलीकप्टरद्वारा उद्धार गरी सशस्त्र प्रहरी बल अस्पताल बलम्बु काठमाडौं लगिएको प्रहरीले जनाएको छ। अन्य घरका सदस्य ज्वाई नाताका ३३ बर्षीय मनिकुमार राई,

*(बाँकी अन्तिम पृष्ठमा)*

# सरकार 'समावेशी नहुँदा' उपलब्धि गुम्ने चिन्ता

**काठमाडौं, साउन १।** केपी ओली नेतृत्वको सरकारमा दलित, मुस्लिम सहित अन्य कतिपय समुदायको प्रतिनिधित्व शून्य भएकोप्रति कतिपय अभियानकर्मीहरूले चिन्ता व्यक्त गर्दै यस्लाई राम्रो सङ्केत मान्न नसकिने आशङ्का गरेका छन्।

सोमवार प्रधानमन्त्री ओलीले गठन गरेको २२ सदस्यीय मन्त्रीमण्डलमा एक जना पनि दलित र मुस्लिम सहितका कतिपय सीमान्तकृत समुदायबाट मन्त्री नबनाइएको विषयमा कतिपयले सरकारको आलोचना गरेका छन्।

राष्ट्रिय समावेशी आयोगकी कार्यवाहक अध्यक्ष विष्णुमाया ओझाले सोमवार गठन भएको मन्त्रिपरिषद् समावेशी नभएको बताइन्। पूर्ण समावेशिता छैन। दलितको प्रतिनिधित्व भएन। महिला दुई जना मात्र हुनुहुन्छ- उनले भनिन्। प्रधानमन्त्रीसहित २२ सदस्यीय मन्त्रिपरिषद्मा दुई जना महिलाको प्रतिनिधित्व नौ प्रतिशत मात्रै हो।

**संविधान वाध्यात्मक नभएको हो ?**

संविधानको धारा ७६को उपधारा ९ मा राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा संघीय संसद्का सदस्य मध्येबाट समावेशी सिद्धान्त बमोजिम प्रधानमन्त्रीसहित बढीमा २५ जना मन्त्री रहेको मन्त्रिपरिषद् गठन गर्ने उल्लेख गरेको छ।

धारा १६८मा प्रदेश मन्त्रिपरिषद् पनि समावेशी हुनुपर्ने भनिएको छ। तर, संविधानको यो व्यवस्थालाई अन्य

*(बाँकी अन्तिम पृष्ठमा)*

# आम्दानी ७४%, खर्च ८०%

**काठमाडौँ, साउन १।** गतआर्थिक वर्ष २०८०/०८१मा सरकारको आय-व्यय निर्धारित वार्षिक लक्ष्यको तुलनामा निकै कम देखिएको छ। महालेखा नियन्त्रक कार्यालयका अनुसार गतआर्थिक वर्ष कूल लक्ष्यको ७४ दशमलव २९ प्रतिशत राजश्व असुली भएको छ भने ८० दशमलव ४४ प्रतिशत बजेट खर्च भएको छ।

गत आर्थिक वर्षका लागि सरकारले कूल रु. १७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाख बराबरको बजेट ल्याएको थियो। असार मसान्तसम्ममा कूल रु. १४ खर्ब आठ अर्ब ७६ करोड ४५ लाख बराबर मात्रै खर्च भएको छ। चालू शीर्षकमा गत आर्थिक वर्षका लागि रु. ११ खर्ब ४१ अर्ब ७८ लाख ४१ हजार बराबर बजेट विनियोजन भएकोमा लक्ष्यको ८३ दशमलव ४१ प्रतिशत अर्थात् रु. नौ खर्ब ५२ अर्ब ४१ करोड ५१ लाख बराबर खर्च भएको छ।

त्यस्तै, पुँजीगत शीर्षकमा रु. तीन खर्ब दुई अर्ब सात करोड ४४ लाख विनियोजन भएकोमा लक्ष्यको ६३ दशमलव ४७ प्रतिशत अर्थात् रु. एक खर्ब ९१ अर्ब ७१ करोड ७८ लाख बराबर मात्रै खर्च भएको छ। वित्तीय व्यवस्था शीर्षकको बजेट खर्च ८६ दशमलव ०७ प्रतिशत छ। गतआर्थिक वर्षका लागि वित्तीय व्यवस्था शीर्षकमा रु. तीन खर्ब सात अर्ब ४५ करोड ३६ लाख बराबर विनियोजन भएकोमा रु. दुई खर्ब ६४ अर्ब ६३ करोड १६ लाख बराबर खर्च भएको महालेखा नियन्त्रक कार्यालयले जनाएको छ।

सरकारले गतआर्थिक वर्षका लागि कूल रु. १४ खर्ब ७२ अर्ब ४८ करोड ४७ लाख बराबर राजश्व उठाउने लक्ष्य राखेको थियो। तर, वार्षिक लक्ष्यको ७४ दशमलव २९ प्रतिशत अर्थात् रु. १० खर्ब ९३ अर्ब ९७ करोड ५९ लाख बराबर मात्रै राजस्व असुली भएको छ। सङ्कलित राजश्वमध्ये कर राजश्व लक्ष्यको ७२ दशमलव ३५ र गैरकर राजश्व लक्ष्यको ९७ दशमलव ६८ प्रतिशत बराबर असुली भएको छ।

गत आर्थिक वर्षका लागि सरकारले रु. १३ खर्ब पाँच अर्ब ४७ करोड ९६ लाख बराबर कर राजश्व उठाउने लक्ष्य राखेकोमा रु. नौ खर्ब ४४ अर्ब ५५ लाख ४८ हजार बराबर मात्रै असुली भएको छ। त्यस्तै, गैरकरतर्फ रु. एक खर्ब १७ अर्ब छ करोड २१ लाख उठाउने लक्ष्य राखिएकोमा रु. एक खर्ब १४ अर्ब ३४ करोड १६ लाख बराबर मात्रै असुली भएको छ।

गत आर्थिक वर्षमा वैदेशिक अनुदानतर्फ सरकारी लक्ष्यको तुलनामा वास्तविक प्राप्ति निकै कम छ। गत आवमा कूल रु. ४९ अर्ब ९४ करोड ३० लाख बराबर वैदेशिक अनुदान लिने लक्ष्य राखेको सरकारले २२

*(बाँकी अन्तिम पृष्ठमा)*

# पौवादुङमा गाउँमा कृषि एम्बुलेन्स

**भोजपुर, साउन १।** जिल्लाको पौवादुङमा गाउँपालिकाले कृषि एम्बुलेन्स सञ्चालनमा ल्याउने भएको छ।

किसानले उत्पादन गरेको वस्तुको सहज बजारीकरणका लागि गाउँपालिकाले कृषि एम्बुलेन्स सञ्चालनको तयारी थालेको हो।

गाउँपालिकाले यहाँको भूगोल अनुसार खेती विस्तारमा ध्यान दिएसँगै किसानले उत्पादन गरेका कृषि उजपलाई बाह्य बजारसम्म लैजाने लक्ष्यले कृषि एम्बुलेन्स खरिद गर्ने तयारी गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नवीन भट्टराईले जानकारी दिए। एम्बुलेन्स खरिद गर्न रु. २८ लाख बजेट विनियोजन गरिएको उनले बताए।

किसानलाई लक्ष्यित गरेर कृषि एम्बुलेन्स सञ्चालनको तयारी थालेका छौं- उनले भने- कृषि एम्बुलेन्समार्फत यहाँका कृषि उपजलाई बजारीकरणसँगै ढुवानीका लागि प्रयोगमा ल्याउने लक्ष्य छ। कृषि एम्बुलेन्स सञ्चालन पश्चात करिब




पोखरा महानगरद्वारा सञ्चालित कृषि एम्बुलेन्स।

चारदेखि पाँच घण्टामा पौवादुङ्माको कृषि उत्पादन धरान, इटहरी, विराटनगरलगायत ठूला सहरमा पुग्ने उनले बताए। यहाँ धेरै उत्पादनयोग्य क्षेत्र रहेकाले भूगोल अनुसारको खेती विस्तारमा जोड दिइएको गाउँपालिका अध्यक्ष किरण राईले बताए। गाउँपालिकाले वडा नं. १ श्यामशिलामा किबी पकेट क्षेत्र, तिवारीभञ्याङ, बास्तिमलगायत क्षेत्रमा व्यावसायिक अकबरे खुर्सानीसँगै तरकारीखेतीका लागि आवश्यक प्रोत्साहनको कार्यक्रम सञ्चालन गरिरहेको अध्यक्ष राईले बताए।

किसानलाई कृषिमा जोडेर आत्मनिर्भर बनाउने योजनाका साथ काम गरिरहेका छौं। किसानले उत्पादन गरेको वस्तुलाई सहजत रूपमा बाह्य बजार पुर्याउने लक्ष्यले कृषि एम्बुलेन्स खरिद गर्न लागेको अध्यक्ष राईले बताए। हामीले विगतका वर्षहरूबाट नै कृषिको विकासमा योजनाबद्ध रूपमा काम गरिरहेका छौं- अध्यक्ष राईले भने- अहिले अकबरे खुर्सानी तथा किवीले राम्रो उत्पादन दिन थालेको अवस्था छ। यसबाट किसानले राम्रो आम्दानी लिँदै आएका छन्। उत्पादित वस्तुको सहज बजारीकरणका लागि हामी जुटेका छौं।

गाउँपालिकालाई कृषि उत्पादनसँगै दूधमा आत्मनिर्भर बनाउने उद्देश्यका साथ काम भइरहेको अध्यक्ष राई बताउँछन्। किसानलाई लक्ष्यित गरेर आगामी आर्थिक वर्षमा करिब दुई सयवटा गाईका बाच्छी वितरण गर्ने कार्यक्रम अघि सारेको अध्यक्ष राईले बताए। किसानले

*(बाँकी अन्तिम पृष्ठमा)*



# ‘एक्स प्रयोगकर्ताको रेकर्ड उच्च’




**काठमाडौं, साउन १।** टेक अरबपति तथा टेस्लाका सीईओ एलोन मस्कले मङ्गलबार आफ्नो सामाजिक सञ्जाल एक्स प्रयोगमा रेकर्ड उच्च’ पुगेको दाबी गरेका छन् ।

एक्सले एकै दिनमा विश्वव्यापी रूपमा ४१७ अर्ब प्रयोगकर्ता-प्रतिसेकेन्डको कूल अनुभव गरेको मस्कले बताए । सामाजिक सञ्जाल एक्सको एक पोस्टमा, मस्कले एक्स प्रयोगले हिजो विश्वव्यापी रूपमा ४१७ बिलियन प्रयोगकर्ता प्रतिसेकेन्डको साथ अर्को रेकर्ड उच्च राखेको उल्लेख गरेका हुन् । उनका अनुसार संयुक्त राज्य अमेरिकामा, प्रयोगकर्ता एकै दिनमा ९३बी ३२ यु सेकेन्ड पुगेको जनाउदै यो अघिल्लो रेकर्ड भन्दा ७६बीले एकै दिनमा बढी भएको उल्लेख गरेका छन् ।

गत मार्चको एक्स तथाङ्कले २५० मिलियन मानिसहरूले हरेक दिन औसतमा ३० मिनेट एक्स प्रयोग गर्ने दाबी गरिएको थियो । पोष्टमा प्रत्येक महिना ५५० मिलियन मानिसहरूले ग्लोबल टाउन स्क्वायर भ्रमण गर्छन् भने औसतमा, प्रयोगकर्ताले एक्समा दिनको ३० मिनेट खर्च गर्ने भनिएको छ ।

अक्टोबर २०२२ मा, मस्कले ४४ अर्ब अमेरिकी डलरको सम्झौतामा प्रभावशाली सामाजिक मिडिया प्लेटफर्म-ट्विटरको स्वामित्व लिएका थिए । पछिल्लो समयमा, मस्कले शीर्ष कार्यकारीलाई बर्खास्त गरी, कम्पनीका आधा कर्मचारी हटाएर, खाता पुनः स्थापनाको समीक्षा गर्न सामग्री मोडरेशन काउन्सिल गठन गरी प्लेटफर्मको सदस्यता सेवालाई सुधार गरेका छन् ।

टेस्ला र स्पेसएक्सका सीईओ एलोन मस्कले पदभार सम्हालेपछि कम्पनीमा धेरै परिवर्तन भएका छन्, जसमध्ये केही विवादास्पद समेत भएका छन् । विवादास्पद निर्णयसँगै, ट्विटरले विज्ञापन राजश्वको ठूलो मात्रा गुमाउन थाले पछि मस्कले ट्विटर ब्लूको रूपमा भुक्तान गरिएको प्रमाणिकरणहरू शुरु गरे ।

# कोरियाली भाषामा ‘गोर्खा वारियर’




गत फागुनमा प्रदर्शन भएको फिल्म ‘गोर्खा वारियर’ले अपेक्षाकृत व्यापार गर्न सकेन ।

तर, फिल्मको मेकिङ र कथावस्तुको प्रशंसा भएको थियो । अब यो फिल्म कोरियाली भाषामा प्रदर्शन हुने भएको छ । त्यसका लागि पोस्टर सार्वजनिक गरिएको छ । निर्देशक मिलन चाम्सले कोरियन कम्पनी मुभमेन्ट पिक्चर्स कर्पले ७ वर्षका लागि फिल्मको प्रदर्शन अधिकार खरिद गरेको जानकारी दिए ।

फिल्म कोरियाली भाषामा रिलिज हुने भएपछि खुसी व्यक्त गर्दै निर्देशक चाम्सले फेसबुकमा लेखेका छन्- ‘फिल्म कुनै विशेष ठाउँ, भाषा र देशका लागि हुँदैन । यो सबैको लागि हुन्छ, यो संसारभरिको लागि हुन्छ । यही नवीन सोचको साथ मैले परिकल्पना गरेको थिएँ, ‘गोर्खा वारियर’ । आज त्यही सपनाको एक अंश पूरा भएको छ । फिल्म कोरियन भाषामा प्रदर्शन हुने खबरले उत्साहित छु ।’

फिल्मलाई कोरियनमा स्वरांकन (डबिङ) गरेर त्यहाँका सिनेमा हलसहित टेलिभिजनमा रिलिज गरिने जनाइएको छ । पहिलोपटक नेपाली फिल्म कोरियन भाषामा रिलिज हुन लागेको हो । विश्वकै ठूलो फिल्म बजार मानिने कोरियामा ‘गोर्खा वारियर’को रिलिजले नेपाली फिल्मका लागि नै बाटो खुलाउन सक्ने अपेक्षा गरिएको छ । यो फिल्मको अंग्रेजी र हिन्दी भाषामा समेत डब भइरहेको छ ।

निर्देशक चाम्स र गिरीराज घिमिरेको लेखन रहेको फिल्ममा विजय लामा, रितेश चाम्स, रियर राई, रेविका गुरुङ, शिशिर वाङ्देल, कविता आले, सुरज तमु, विरुप गोले, त्रिचु राई, दिग्गज खत्री लगायतको अभिनय छ । सन् १९४९ मा ‘मलाया इमरजेन्सी जंगल वार’मा नेपाली गोर्खा सैनिकले देखाएको बहादुरीको कथामा आधारित भएर निर्माण भएको फिल्मका छायाँकार सुदीप बराल हुन् ।

# ‘नम्बरी सुन’ हेर्ने १२ जनालाई सुन उपहार



फिल्मप्रति दर्शकलाई आकर्षित गर्न नेपाली निर्माताहरुले विभिन्न उपहार योजना ल्याइरहेका हुन्छन् । आगामी साउन २५ गतेदेखि प्रदर्शनमा आउन लागेको फिल्म ‘नम्बरी सुन’ले भने दर्शकलाई सुन उपहार दिने भएको छ । ललितपुरस्थित झम्सिखेलमा आयोजित पत्रकार सम्मेलनमा फिल्मका प्रस्तुतकर्ता नारायण खातीले फिल्म हेर्ने दर्शकमध्ये १२ जनालाई सुन उपहार दिने बताए ।

‘खल्ती एप’बाट फिल्मको टिकट काट्ने ५ जना र त्यसभन्दा बाहिरका ७ जनालाई सुनको मोतीवाला ‘चन्द्रहार’ प्रदान गरिनेछ । त्यो उपहार ‘लक्की ड्र’ मार्फत् सार्वजनिक गरिने प्रस्तुतकर्ता खातीले जानकारी दिए । उनी पेशाले सुन व्यवसायी समेत हुन् । गत वर्ष फिल्मको एक गीत सार्वजनिक कार्यक्रममा खातीले निर्देशक राजु गिरीलाई खुकुरी अंकित नम्बरी सुन समेत उपहार दिएका थिए ।

कार्यक्रममा निर्देशक गिरीले फिल्मले लगभग ७० वर्षअघि घर-घर पुगेर सुनको गरगहना बनाउनेको कथालाई उठान गरेको बताए । ‘सुनको इतिहाससँगै अहिलेका दर्शकले मनपराउने माया-प्रेम, ‘सेन्टिमेन्ट’ र कमेडी फ्लेवर पनि फिल्ममा भरपुर छ’- उनले भने । अभिनेत्री नम्रता सापकोटाले भने अहिलेसम्म आफूले गरेका फिल्मभन्दा केही पृथक काम ‘नम्बरी सुन’मा रहेको दाबी गरेकी छन् ।

फिल्ममा नम्रतासहित गौरव पहारी, सरोज खनाल, राजाराम पौडेल, सविन बाँस्तोला, राजेन्द्र खड्गी, बुद्धि तामाङ, विनोद न्यौपाने, नारायण खाती, किरण नेपाली, गीता अधिकारी, अस्मिता न्यौपाने, राजेन्द्र गिरी, कंगना गिरी आदिको अभिनय छ । मनोज रिजाल, सविन खाती र सरोज खाती निर्माता रहेको यो फिल्ममा शिवम् अधिकारीको पटकथा तथा संवाद र दिव्य सुवेदीको छायांकन छ ।

## सरकार ...

कानुनहरूमा थप स्पष्ट नगरिएका कारण सरकार गठनका क्रममा संघदेखि प्रदेशसम्म समावेशिताको उल्लंघन हुने गरेको अभियानकर्मीहरू बताउँछन् ।

यसअघि प्रदेश मन्त्रिपरिषद् समावेशी नभएको भन्दै कर्णाली र मधेश प्रदेशको सरकार समावेशी बनाउन माग गर्दै अदालतमा मुद्दा समेत परेका थिए । त्यसमध्येको एउटा मुद्दामा सुर्खेत उच्च अदालतले संविधानको ‘मर्म र भावना’ पालनामा प्रदेश सरकार र प्रदेश प्रमुखको ध्यानाकर्षण गराएको थियो ।

नलेखी नहुने स्थिति छ । बाध्यात्मक बनाइयो भने त्यसलाई लागु गर्न बाध्यकारी हुँदो रहेछ- यसबारेमा कानूनमै लेखिनुपर्ने आवश्यकता औंल्याउँदै ओझाले भनिन् । संविधान निर्माणमा सहभागी संविधानसभाका तत्कालीन सदस्य लक्ष्मणलाल कर्ण संविधानले राज्यका हरेक संरचना समावेशी हुने परिकल्पना गरेका कारण हरेक कुरा कानुनमा लेखिरहन नपर्ने बताउँछन् । यो संविधानबाट पाएको एउटा उपलब्धि नै समानुपातिक समावेशी प्रतिनिधित्वको मौलिक अधिकार हो- कर्ण भन्छन् ।

त्यसलाई बाध्यकारी छैन भनेर कोही पनि उम्किन मिल्दैन । तर, संघ र प्रदेशमा बन्ने सरकारहरू मात्रै नभएर न्यायाधीश र राजदूतहरूको छनौट पनि समावेशी हुन नसकेको तर्फ कर्णले औंल्याए । अहिलेको सरकारमा मधेशी र महिलाको प्रतिनिधित्व भए पनि त्यो तुलनात्मक रूपमा न्यून भएको आयोगकी कार्यवाहक अध्यक्ष ओझा बताउँछिन् ।

महिलाको संख्या एक तिहाइ त हुनुपर्थ्यो । एक तिहाइ भनेर धेरै ठूला ठूला बहस आन्दोलनहरू भए- उनले थपिन् । युवाहरूको प्रतिनिधित्व पनि उत्साहजनक नभएको ओझाको भनाइ छ । समावेशिता जात मात्रै होइन वर्गीय पनि हुनुपर्छ र भूगोल पनि समेटिनुपर्छ भनेर समावेशीकरणले भन्छ- ओझा भन्छिन् ।

**‘दलित विहीन’ सरकार**

दलित अधिकारका क्षेत्रमा पैरवी गर्दै आएका एकजना अभियानकर्मी जेबी विश्वकर्मा देशका हरेक महत्त्वपूर्ण परिवर्तनहरूमा उल्लेख्य योगदान पुऱ्याएको दलित समुदायलाई अवसरबाट भने सधैं वञ्चित गर्ने गरिएको बताउँछन् ।

यो दलितले गरेको योगदानको अपमान हो- उनले भने। यसअघिका सरकारहरूमा पनि दलित समुदायको उचित प्रतिनिधित्व हुन नसकेको अधिकारकर्मीहरू बताउँछन् । नेपाली कांग्रेस र नेकपा एमाले सहितका सत्ताधारी दलहरूले आफ्ना राजनीतिक दस्ताबेज र नारामा समावेशितालाई स्वीकार गरेजस्तो देखाए पनि अवसर आउँदा नियोजित रूपमा वञ्चित गर्ने गरेको विश्वकर्मा बताउँछन् ।

यो नियोजित बञ्चिती हो । पार्टीहरूमा रहेको एकल जातिवादको परिणाम पनि हो- उनको आरोप छ । सरकारले गरेका काम कारबाही समावेशी नभएको अवस्थामा समावेशी आयोगले सरकारलाई सुझाव र सिफारिस दिने गरेको छ । समावेशीकरण स्थापनाका लागि सबैभन्दा बढी सरकार संवेदनशील र प्रतिबद्ध हुनुपर्ने आयोगकी कार्यवाहक अध्यक्ष ओझा बताउँछिन् । हामीले भन्ने त भनिरहेका छौं । सुझावहरू पनि दिएका छौं तर कार्यान्वयन चाहिँ खासै भएको देखिँदैन के- उनी भन्छिन् । बीबीसी

## पौवादुङमा ...

दूध बिक्रीबाट पनि राम्रो आम्दानी लिन सक्ने सम्भवनालाई ख्यालमा राखेर यो कार्यक्रम सञ्चालनको तयारी थालिएको उनले बताए ।

गाउँपालिकामा महिला विकास बोर्ड गठन गरेर महिलालाई उद्यमशीलतामा जोड्नका लागि कृषिको क्षेत्रमा काम गरिरहेको उपाध्यक्ष ज्योत्सना राईले बताए । गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा यो कार्यक्रम सञ्चालन भइरहेको छ । यो कार्यक्रम अन्तर्गत छ वटै वडामा कार्यक्रम सञ्चालन भइरहेको गाउँपालिकाले जनाएको छ ।

## जसले ...

वडाध्यक्ष चौधरीले भनिन्- ‘बेलबारीमा भने छोराकै रिलेसनजस्तो रहेछ । केहीदिन अघि आएर फेरि छोराकोमा जान्छु भनेर हिँडेको पुष्टि भएको छ ।’

उनका अनुसार भारतमा रहेका कान्छा छोरा भने सम्पर्कमा आएका छन् । तर, जेठा छोरासँग भने सम्पर्क हुन सकेको छैन । उनले भनिन्- ‘बेलबारीबाट जेठा छोराकोमा गएको भनेर हिँडेको र हालसम्म यो घटना बाहिरिएपछि जेठो छोरा हालसम्म सम्पर्कमा आएका छैनन् । हामीले सम्पर्क गर्ने प्रयास गरिरहेका छौं’- वडाध्यक्ष चौधरीले भनिन् । बेलबारी-चिस्यान साझेदारी वनका गणेश कार्की, राजेन्द्र घिमिरे, मुरारी काफ्ले, सन्तोष विक लगायतले बृद्धको उद्धार गरेको बताइएको छ । इलाका प्रहरी कार्यालय बेलबारीका प्रहरी निरीक्षक तेजबहादुर दाहालका अनुसार बृद्धका परिवारको खोजी कार्य भइरहेको छ ।

## पहिरोले ...

नाति १२ बर्षीय अमिर राई र नतिनी ४ बर्षीया समृद्धी राईलाई सकुशल उद्धार गरिएको छ ।

घटनास्थलमा प्रहरी चौकी सिसुवाटार र जिल्ला प्रहरी कार्यालय संखुवासभाबाट प्रहरी निरीक्षकको कमाण्डमा प्रहरी टोली गएर उद्धार कार्य भइरहेको प्रहरीले जनाएको छ ।

## ड्राइभिङ ...

२०७६को दफा ३ र १०को प्रयोजनका लागि राष्ट्रिय परिचयपत्रको प्रयोग सम्बन्धमा राजपत्रमा विभिन्न निर्णय गरेको छ । सो निर्णयको (क)मा भनिएको छ- नेपाल सरकारको स्वामित्वमा रहेका निकाय, संस्था तथा निजी क्षेत्रबाट प्रवाह गरिने सार्वजनिक सेवा सुविधा प्राप्त गर्न वा माग गर्न पेस गर्नुपर्ने नेपाली नागरिकता प्रमाणपत्रको सट्टामा राष्ट्रिय परिचय-पत्र वा राष्ट्रिय परिचय नम्बर पेस गरी त्यस्तो सेवा सुविधा प्राप्त गर्न ।

सोही निर्णयको (ख)मा राजश्व, सवारी चालक अनुमतिपत्र र कम्पनी दर्ता तथा नवीकरण सम्बन्धी कामका लागि राष्ट्रिय परिचयपत्र अनिवार्य गरिएको छ । त्यस्तै राजपत्रमा १ माघ २०८१ देखि बैङ्किङ तथा वित्तीय सेवा, टेलिफोन तथा सिमकार्ड, सामाजिक सुरक्षा कोष र घरजग्गा किनबेच सम्बन्धी कामका लागि राष्ट्रिय परिचयपत्र अनिवार्य गरिने उल्लेख छ ।

त्यस्तै साउन १ गतेबाट नै विभिन्न २८ जिल्लामा सामाजिक सुरक्षा, स्वास्थ्य बीमा र निवृत्तिभरणका लागि पनि राष्ट्रिय परिचयपत्र अनिवार्य भएको छ ।

## कण्डक्टरले ...

राजमार्गमा विराटनगरबाट काँकरभिट्टातर्फ जाँदै गरेको प्रदेश १-०१-००१ख ३४२३ नम्बरको बसले बिर्तामोडबाट सुरुङ्गातर्फ जाँदै गरेको को१९प ६२८२ नम्बरको मोटरसाइकललाई ठक्कर दिएको थियो । कण्डक्टरले बस चलाउँदा दुर्घटना भएको बसका चालक र सहचालकले प्रहरी समक्ष बयान दिएका छन् ।

उक्त दुर्घटनामा सुब्बाको दाहिने खुट्टा भाँचिएको थियो भने टाउको र छातीमा चोट गम्भीर चोट लागेको थियो । घाइते उनको उपचारका क्रममा बिर्तामोडस्थित बीएण्डसी अस्पतालमा मृत्यु भएको प्रहरीले जनाएको छ ।

प्रहरीले बस चालक इलाम माई नगरपालिका-८का २२ वर्षीय सागर थुलुङ राई र सहचालक विराटनगर महानगरपालिका-२का १९ वर्षीय दीपेश दर्जीलाई नियन्त्रणमा लिएको छ । बेलबारीबाट उक्त बस शिवसताक्षी नगरपालिका-६का २७ वर्षीय बसका कण्डक्टर पुण्य सिटौलाले चलाई ल्याउने क्रममा दुर्घटना भएको जनाइएको छ ।

## आम्दानी ...

दशमलव ४८ प्रतिशत अर्थात् रु. ११ अर्ब २२ करोड ६४ लाख बराबर मात्रै अनुदान लिन सकेको देखिएको हो ।

**दुई पटक संशोधन गर्दा समेत लक्ष्य भेटिएन**

आयव्यय अनुमान दुईपटक संशोधन गर्दा पनि सरकारले लक्ष्य भेटाउन सकेन । सरकारले पहिलोपटक अर्धवार्षिक समीक्षामार्फत् र दोस्रोपटक गतआर्थिक वर्षको बजेट ल्याउँदा आय-व्यय अनुमान संशोधन गरेको थियो । गत जेठ १५ गते निवर्तमान अर्थमन्त्री वर्षमान पुनले सरकारी आयव्ययको अनुमान दोस्रोपटक संशोधन गर्दै रु. १५ खर्ब ३० अर्ब ३५ करोड अर्थात् विनियोजनको ८७ दशमलव चार प्रतिशत हुने गरी संशोधित अनुमान प्रस्तुत गरेका थिए ।

कूल सरकारी खर्चमध्ये चालू खर्च रु. १० खर्ब ६७ अर्ब ४९ करोड अर्थात् विनियोजनको ९३ दशमलव पाँच प्रतिशत, पुँजीगततर्फ रु. दुई खर्ब १५ अर्ब ३० करोड अर्थात् यो शीर्षकमा विनियोजनको ७१ दशमलव तीन प्रतिशत र वित्तीय व्यवस्थातर्फ रु. दुई खर्ब ४७ अर्ब ५५ करोड अर्थात् विनियोजनको ८० दशमलव पाँच प्रतिशत खर्च हुने गरी संशोधित अनुमान गरिएको थियो ।

त्यस्तै, दोस्रोपटक संशोधनपछि गत आर्थिक वर्षमा रु. १२ खर्ब ५३ अर्ब बराबर राजश्व उठाउने लक्ष्य सरकारले तय गरेको थियो । त्यसअघि सरकारले गत आर्थिक वर्ष २०८०/०८१को बजेटको अर्धवार्षिक समीक्षा गर्दै गत माघमा पहिलोपटक राजश्व र खर्चको अनुमान घटाएको थियो ।

गत आर्थिक वर्षका लागि सरकारले रू. १७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाख बराबरको बजेट ल्याएकोमा अर्धवार्षिक समीक्षामार्फत् शुरू विनियोजनको ८७ दशमलव ३८ प्रतिशत अर्थात् रू. १५ खर्ब ३० अर्ब २६ करोड ६२ लाख खर्च हुने संशोधित अनुमान गरिएको थियो । अर्धवार्षिक समीक्षामार्फत् शुरुवाती विनियोजनको तुलनामा चालू शीर्षकमा ८८ दशमलव ८४, पुँजीगत शीर्षकमा ८४ दशमलव १३ प्रतिशत र वित्तीय व्यवस्था शीर्षकमा ८७ दशमलव ३९ प्रतिशत खर्च हुने गरी पहिलोपटक संशोधित अनुमान गरिएको थियो ।

अर्धवार्षिक समीक्षामार्फत् आय-व्ययको अनुमान घटाएर चालुतर्फ रू. १० खर्ब सात अर्ब ४५ करोड ४६ लाख अर्थात् सुरुवाती विनियोजनको ८८ दशमलव २४ प्रतिशत, पुँजीगततर्फ रु. दुई खर्ब ५४ अर्ब १३ करोड १९ लाख अर्थात सुरुवाती विनियोजनको ८४ दशमलव १३ प्रतिशत र वित्तीय व्यवस्थातर्फ रू दुई खर्ब ६८ अर्ब ६७ करोड ९७ लाख अर्थात सुरुवाती विनियोजनको ८७ दशमलव ३९ प्रतिशत खर्च हुने अनुमान गरिएको थियो ।


## शिलवन्दी दरभाउ-पत्र प्रक्रियाबाट वन पैदावार बिक्रीको सूचना

**प्रकाशित मिति : २०८१।०४।०२**

**आयोजनाको आ.व.०७८।०७९ र ०७९।८० र ०८०।८१ मा उत्पादन भएका वन पैदावारहरुमध्ये तपसिल अनुसारको वन पैदावारहरु शिलवन्दी दरभाउ पत्र प्रक्रियाबाट बिक्री गर्नुपर्ने भएकोले वन पैदावारको कारोवार गर्ने इच्छुक उद्योगले यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र यस आयोजना कार्यालय, केर्खा, झापा वा वन पैदावार विकास समिति, केन्द्रीय कार्यालय, ववरमहल काठमाण्डौबाट दरभाउ-पत्र फाराम खरिद गरी २२औं दिन (बिदा भए साको भोलिपल्ट) कार्यालय समयभित्र पेश गर्न सक्नेछ । विस्तृत जानकारीको लागी आयोजना कार्यालय केरखा, झापा वा वन पैदावार विकास समिति, केन्द्रीय कार्यालय ववरमहल, काठमाण्डौमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।**

**तपसिल**

| | |
|---|---|
| साल गोलिया र वल्ली | १०९४.५३ क्यूफिट |
| टिक गोलिया र वल्ली | ४३२६.२९ क्यूफिट |
| मसला गोलिया र वल्ली | १३५७.७० क्यूफिट |
| सिरिष गोलिया र वल्ली | ११६४.१२ क्यूफिट |
| वोटधंगेरो गोलिया र वल्ली | ७०९.८१ क्यूफिट |
| साल, टिक, मसला, सिरिष र वोटधंगेरो दाउरा | ३.७५ चट्टा |

**दरभाउ पत्र खरिद गर्ने अन्तिम म्याद :** मिति २०८१।०४।२२ गते सम्म
**दरभाउ पत्र दाखिला गर्ने अन्तिम म्याद :** मिति २०८१।०४।२३ गते

**रतुवमाई वृक्षारोपण आयोजना**
**केर्खा, झापा**

## श्री झाँतेचुली सामुदायिक वन उपभोक्ता समूह
**माई नगरपालिका-३, इलामको**

*दोस्रो पटक प्रकाशित मिति : २०८१/०४/०२*

## काठ लिलाम बिक्री सम्बन्धी सूचना

**यस सामुदायिक वन उपभोक्ता समूहको घाटगद्दीमा रहेको तपसिल बमोजिमको काठ डिभिजन वन कार्यालय इलामको च.नं. ४७०५ मिति २०८०/०९/१८ गतेको लगत प्रमाणित तथा बाह्य बिक्री वितरण सहमति बमोजिम जे जस्तो अवस्थामा छ, सोही अवस्थामा गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले चालू आ.व.मा नवीकरण गरिएका आयकर तथा मुअकर चुक्ता गरिसकेको दर्ता प्रमाणपत्र भएका वन पैदावरको कारोबार गर्न इच्छुक व्यक्ति फर्म संघ-संस्था वा निकयाले यस समूहको कार्यालय तथा श्री डिभिजनल वन कार्यालय इलाममा दरभाउपत्र खरिद तथा दर्ता गर्ने गरी सम्बन्धित सबैको जानकारीको लागि यस मितिमा प्रकाशित भएको मितिले १५ दिने सूचना प्रकाशित गरिएको छ ।**

**तपशिल**

| | | स्तर (ग्रेड) | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ए | | | | बी | | | | सी | | | | | |
| लट नं. | जात | थान | परिमाण | न्यूनतम् मूल्य | जम्मा रकम | थान | परिमाण | न्यूनतम् मूल्य | जम्मा रकम | थान | परिमाण | न्यूनतम् मूल्य | जम्मा रकम | जम्मा न्यूनतम | कैफियत |
| ३ | साल गो. | १८ | ३३१.९४ | १४०० | ४६४७१६.०० | १४ | १५०.४५ | १००० | १५०४५०.०० | २७ | २०४.८६ | ७५० | १५३६४५.०० | ७६८८११.०० | समूह बाहिर |

**श्री झाँतेचुली सामुदायिक वन उपभोक्ता समूह, माई-३, इलाम**





श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

सम्पादकीय


## चुनौतिका चाङमा ओली सरकार

नेकपा (एमाले)का अध्यक्ष केपी ओली चौथो पटक देशको ४५औं प्रधानमन्त्री बनेपछि सरकारको अपेक्षा, दायित्व र चुनौति सम्बन्धी बहस चल्दैछन् । सरकारलाई संसदको सबैभन्दा ठूलो दल नेपाली कांग्रेससहितका दलको समर्थन रहेकाले प्रतिनिधि सभाबाट सुविधाजनक विश्वास प्राप्त हुने अवस्था छ । मौजुदा प्रतिनिधि सभामा कसैको बहुमत नभएको अवस्थामा कुनै पनि दलले संयुक्त सरकारको नेतृत्व लिन सक्नु स्वाभाविक बन्छ । समग्र विकास र नागरिकका जनजीवनका लागि महत्त्वपूर्ण कार्यसम्पादन सरकारको न्यूनतम् दायित्व रहन्छ । यो दायित्व उसलाई मतदान गर्ने वा नगर्ने सबै नागरिकलाई समदूरी र समभावमा राखेर बहन गर्नुपर्छ ।

२२ सदस्यीय मन्त्रिमण्डल गठन भएर सपथ खाइसकेको आजको अवस्थामा सरकार चुनौतिका चाङमा छ, तर चुनौतिका बीचबाट अवसर सृजना हुने भएकाले प्रधानमन्त्री ओलीलाई अपूर्व अवसर पनि प्राप्त भएको छ । संघीय गणतन्त्र नेपालको मुद्दालाई स्थापित गराउन अहिले सरकार बनाउन सहकार्य गरेका मुख्य दलको उल्लेखनीय योगदान छ । मुलुक अप्ठ्यारो अवस्थामा छ । वैदेशिक ऋण लगभग २० खर्ब पुगेको तथ्याङ्क बाहिरिएको छ । व्यापार घाटा १७ खर्बभन्दा माथि देखिन्छ । विश्वका कतिपय देशले आर्थिक, सामाजिक, सांस्कृतिक विकासका नयाँ तथा आश्चर्यजनक आयाम निर्माण गरे । निकट छिमेकी भारत र चीन उदीयमान अर्थतन्त्र तथा सामरिक शक्तिका अगुवा भएका छन् । करिब ५० वर्ष पहिले नेपालभन्दा कमजोर अर्थतन्त्र भएको दक्षिण कोरिया आज हामीभन्दा ५०औं गुणाभन्दा बढी समृद्ध छ । सिङ्गापुरमा ८० हजार डलरको प्रतिव्यक्ति आय छ । हामी बल्लबल्ल अल्पविकसित देशबाट स्तरोन्नति गर्ने अभ्यासमा छौं । उक्त देशले प्रगतिको रफ्तार लिएको लगभग पछिल्लो ३० वर्षको समय हामी भने वेरोजगारी, गरिबी, अन्याय, अत्याचार, कुशासन, बेथितिको सघन पर्यायवाची बन्दै गयौं । यस्ता असफलताको पछाडि अहिलेका दलहरू नै मुख्य जिम्मेवार छन् । सरकारका सबै र नेतृत्व लिने दलले यसको साझेदारी स्वीकार्नुपर्छ ।

राजनीतिक दलप्रति जनताको विश्वास खस्किएको छ । जुन जोगी आए पनि कानै चिरेको भनेर सबै सरकारप्रति अविश्वासको नजरले हेर्छन् । मुलुकका मुख्य दुई दल नेपाली कांग्रेस र एमालेको प्रमुख सहभागितामा अहिले नयाँ सरकार बनेको छ । विगतमा लागेका संवेदनशील आरोपका खिलापमा काम गरेर देखाउने मौका प्राप्त भएको छ । यो सरकारलाई जनअपेक्षा अनुरूप संघीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरणमा निरन्तर इच्छुक र प्रतिबद्ध रहेको सबुत दिने मौका आएको छ । संविधानमा रहेका कमी र अपूर्णतालाई स्वीकार गरेर संशोधनका माध्यमबाट सन्देह र अविश्वासलाई हटाउने अभिप्रायका साथ सरकारले आफ्ना गतिविधि अघि बढाउनेमा अपेक्षा गर्न सकिन्छ । नेपालको संविधान २०७२ का प्रमुख उपलब्धि गणतन्त्र, संघीयता, लोकतन्त्र, समावेशिता, समानुपातिकता र धर्म निरपेक्षताको खिलाफमा यो सरकार नजाने पटक–पटक प्रष्ट पारिएको विषय हो । मूल कुरा सरकारले नागरिकका समग्र जीवनस्तर अभिवृद्धिका लागि आधुनिक र वैज्ञानिक अवधारणा ल्याउनुपर्छ । जनतामा आशा जगाउन सक्ने मार्गचित्र बनाउन आवश्यक छ । चरम वेरोजगारी, बेइमानी, गरिबी, अन्याय, अत्याचार, दण्डहीनता, भ्रष्टाचार, मूल्यवृद्धि राष्ट्रका शत्रु हुन् । मुलुकमा विकास र समुन्नतिका लागि सरकारले अनुकरणीय भूमिका प्रदर्शन गर्न सक्नु पर्छ । सबल देश निर्माणमा नवीन सोचको खाँचो छ ।

# तुलसी रोप्ने परम्परा र हाम्रो विश्वास



शिखर मोहन

आज हरिशयनी एकादशी । आषाढ शुक्लपक्षको एकादशीलाई हरिशयनी एकादशीका रूपमा मानिँदै आएको छ । यस दिन नेपाल, भारत लगायत विश्वका प्रायः सबै हिन्दु धर्मावलम्बीहरूले घर-घरमा तुलसीको मोठ बनाएर तुलसी रोप्ने र विधिपूर्वक व्रत बस्ने परम्परा रहिआएको छ । यो व्रत लिने भक्तजनहरूले एकादशीका दिन ब्रह्म मुहूर्तमा उठेर नित्यकर्म गरी घरको साफसफाई गर्छन् । स्नान गरेर पवित्र जल छर्केर घर शुद्ध बनाएपछि भक्तजनहरूले घरको पूजाकोठामा सुन, चाँदी, तामा अथवा पितलको भगवान् विष्णुको मूर्ति स्थापना गर्छन् ।

हरिशयनी एकादशीका दिन तुलसीको रोपण गर्ने, सजाउने गरिन्छ । त्यस क्रममा घरको बाहिर मोठ बनाएर तुलसीको बिरुवा रोपण गरिन्छ । त्यस मोठलाई फूलमालाले सजाइन्छ । 'आजदेखि चार महिनासम्म तुलसीमा जल चढाउने, विष्णु र तुलसीको पूजा गर्ने गरिन्छ' -पाञ्चाङ्ग निर्णायक समिति सदस्य प्रा.डा. देवमणि भट्टराई भन्छन्- 'हरिबोधनी एकादशीका दिन दामोदर भगवानको पूजा गरेर तुलसी विवाह गरिदिएर यो व्रत समाप्त गरिन्छ ।'

ज्येष्ठ शुक्ल एकादशी अर्थात् निर्जला एकादशीका दिन तुलसीको बीऊ राखिएको हुन्छ । त्यसको एक महिनापछि अर्थात् आज आषाढ शुक्ल एकादशीका दिन तुलसीको बिरुवालाई मोठ बनाएर रोपिन्छ । हरिशयनी एकादशीदेखि कार्तिक शुक्ल एकादशीको यो चार महिनासम्म विष्णु भगवान् पातालमा बस्ने भएकाले आज रोपिएको तुलसीको संरक्षण, सम्बर्द्धन गरिन्छ । त्यसपछि हरिबोधनी एकादशीका दिन भगवान पातालबाट आउनुहुन्छ र विष्णु र तुलसीको विवाह सम्पन्न गरिन्छ भन्ने विश्वास हिन्दु धार्मावलम्बीहरूमा छ ।

हरिशयनी एकादशीमा व्रत बस्ने निश्चित विधिविधान छ । यस दिन सकेसम्म चामलको भात खानु नहुने मान्यता छ । 'स्वस्थ व्यक्तिले निराहार व्रत बस्ने हो, नसके जलाहार बसे हुन्छ । त्यो पनि नसके दुग्धाहार, घृताहार र फलाहार गरेर व्रत बस्न शास्त्रले स्वीकार दिएको छ' -वाल्मीकि क्याम्पसका प्रा.डा. गणेशप्रसाद घिमिरे भन्छन्- 'फलाहार लिएर व्रत बस्ने परम्परामा फल प्राप्ति चाहिँ हुँदैन, व्रत बस्ने मात्र हो ।'

ठूला-ठूला धार्मिक व्यक्तित्व र साधुसन्तहरूले हरिशयनी एकादशीदेखि हरिबोधनी एकादशीसम्म चार महिना जुत्ताचप्पल पनि नलगाउँदैनन् । उनीहरूमा भगवान पातालमा हुनुहुन्छ, पातालमा भएका कारणले हामीले पृथ्वी माथि जुत्ता चप्पल लगाएर टेक्नुहुँदैन भन्ने धार्मिक विश्वास रहेको प्रा.डा. घिमिरे बताउँछन् । तर, पूजाआजा भने घरमै गरेको राम्रो हो । किनभने गृहस्थ आश्रम (घर) भनेका आफैँमा मन्दिर हो । त्यस कारण मन्दिरमा गएर सबै थोक प्राप्त हुन्छ भन्ने होइन । तसर्थ, घरमै भगवानको पूजाअर्चना र कथा श्रवण गरेर यो व्रत मान्न सकिने घिमिरेको भनाइ छ ।

### निराहार व्रत

हरिशयनी एकादशीको व्रत सकेसम्म निराहार बसिन्छ । तर, शरीर माध्यम खलु धर्म साधनम्- शरीर रहे न धर्म गर्ने हो भन्ने शास्त्रमा छ । 'सबैभन्दा पहिले शरीरको ख्याल गर्नुपर्छ, शरीरले जे गर्न सक्छ साही अनुसारको फलाहार लिएर वा नलिई व्रत बस्नुपर्छ । शरीरलाई माध्यम बनाएर धर्मको रक्षा गर्ने हो' -प्राडा घिमिरे भन्छन्- 'धर्मका लागि शरीरलाई समाप्त गर्नुहुँदैन । शरीरलाई मासेर शरीरलाई दुःख दिएर, शरीरको सम्पूर्ण कुरा सुकाएर धर्म गर्न सक्दैनौं ।' प्राणी भएकाले फलाहारका माध्यमबाट भगवानको व्रत बस्ने सन्ध्याकालीन आरतीपछि पनि सकेसम्म नुन नखाई रोटी खाएर यो व्रत बस्न सकिने बताउँछन् घिमिरे । व्रत बसिसकेपछि सन्ध्याकालीन हवन गरेर व्रत फुकाउने परम्परा छ । पूर्ण व्रत बस्ने भक्तजनहरूले द्वादशीको दिन सानो हवन गरे व्रत समापन गर्ने परम्परा पनि समाजमा प्रचलित छ ।

### चार महिना शुभ कार्य गरिँदैन

प्रा.डा. देवमणि भट्टराईका अनुसार हरिशयनी एकादशीदेखि शेषशायी भगवान् विष्णु यो चार महिना विश्राम गर्छन् । 'यो चार महिना विवाह, व्रतबन्ध, छेवर जस्ता संस्कारसँग सम्बन्धित कुनै पनि शुभकार्य गर्नु हुँदैन' -भट्टराई भन्छन्- 'कार्तिक शुक्ल एकादशी अर्थात् हरिबोधनी एकादशीसम्म (भगवान् विष्णु शयन गरेदेखि नजागेसम्म) यी कर्महरू गरिँदैनन् ।'

यो चार महिना भगवान् विष्णुको गुणकीर्तन गर्ने, श्रीमद्भागवत् महापुराण लगाउने, विष्णुपुराणको पारायण गर्ने जस्ता विशेष कार्य आयोजना गरिँदैन, वर्जित गरिएको छ । तर, दैनिक सन्ध्या उपाशना र नित्य पूजाआजा नरोकिने प्रा.डा. घिमिरे बताउँछन् । तर, हरिशयनी एकादशीका दिन रोपेको तुलसीलाई चार महिनापछि हरिबोधनी एकादशीका दिन विवाहयोग्य मानेर तुलसीका मोठमा भगवान विष्णुको तुलसीको माध्यमबाट विवाह गरेपछि चतुर्मासमा रोकिएका यज्ञयज्ञादि कार्यक्रमहरू सबै फुकुवा हुन्छन् । त्यसैसँग जोडेर हरिबोधनी एकादशीका दिन न्वागी ( नयाँ अन्न देवता र पितृलाई अर्पण गरेर खाने आरम्भ) पनि गर्छौं । नयाँ धानको चामल पिसाएर देवता पितृलाई चढाएर र होम गरेर खाने परम्परा रहेको भट्टराई बताउँछन् ।

### एकादशी व्रत किन ?

हाम्रा धर्मग्रन्थ, पुराण, उपनिषद् र व्रतहरूको मुख्य उद्देश्य भनेको मन निग्रह हो । शरीरका पाँच ज्ञानेन्द्रिय, पाँच कर्मेन्द्रिय र मन ११औं इन्द्रिय हो र मनको चञ्चलातालाई नियन्त्रण गर्नु व्रतको मुख्य उद्देश्य हो । मनले नै बुद्धि, चित्त र अहङ्कार निर्माण गर्छ भन्छन् घिमिरे । यो चञ्चल मनलाई एकाग्र गर्नु र एकतामा बाँध्नु भनेको एउटा चलिरहेको वायुलाई पक्रनु समान हो, त्यो सम्भव छैन भनेर भगवान् कृष्णले अर्जुनलाई भनेको प्रसङ्ग सुनाउँछन् घिमिरे । 'एकादश इन्द्रिय मन हो, मनलाई निग्रह नगरीकन, मनलाई वशमा नराखीकन, मनलाई स्थापित नगरीकन, मनका कुरालाई नरोकीकन हामी धर्मकर्म गर्न सक्दैनौं' -घिमिरे भन्छन्- 'तसर्थ हाम्रा परम्परा, हाम्रो संस्कार र हाम्रो हिन्दु मान्यतामा एकादश इन्द्रिय भनेको मन हो मनलाई वशमा राख्न र चञ्चलताबाट रोक्न यो एकादशी व्रत लिइएको हो ।'

धार्मिक दृष्टिले मात्र होइन आध्यात्मक र आयुवेर्दिक दृष्टिले तुलसीको महत्त्व धेरै छ । किनभने तुलसीका गुणहरू १०८ वटाभन्दा बढी छन् । 'धार्मिक दृष्टिकोणका साथसाथै स्वाथ्यका दृष्टिले पनि अत्यन्त उपयोगी छ, अक्सिजनको कमी हुँदा तुलसी महत्त्वपूर्ण हुन्छ' -प्रा.डा. भट्टराई भन्छन्- 'मृत्यु संस्कारमा पनि तुलसीको मोठ र मञ्जरी महत्त्वपूर्ण मानिन्छ ।'

त्यसैगरी तुलसी जुन घरमा हुन्छ, त्यहाँ यमराजका दूतहरू नआउने विश्वास गरिन्छ । त्यस्तै अहिलेको समयमा एलोपेथिक, आयुर्वेदिक डाक्टरहरूले तुलसीको पानी खानाले शरीर स्वस्थ हुने, कुनै विकार भए निराकण हुने उनी बताउँछन् । तर, तुलसीलाई विष्णु भगवानका रूपमै मान्नु पर्ने धारणा प्रा.डा. घिमिरेको छ । 'संस्कार परम्परा र सनातन परम्पराले दिएका कुराहरूमा हामीले हस्तक्षेप गर्न मिल्दैन । तुलसीबारे आयुर्वेदले एक थोक भन्ला, विज्ञानले अर्को थोक भन्ला' -घिमिरेले भन्छन्- 'तुलसी, पीपल, शालीग्राम, कुशलाई भगवानका रूपमा मानिएको छ । यो हाम्रो सनातन परम्परा हो ।'

### पौराणिक कथा

हरिशयनी एकादशी र तुलसीका बारेमा विभन्न पुराणका कथाहरू जोडिएका छन् । यसमा स्कन्ध पुराण, स्वस्थानी व्रतकथा, श्रीमदभागवत र देवीभागवत लगायत प्राचीन ग्रन्थका कथा प्रसङ्ग जोडिएर आएका छन् । अत्यन्तै दानी दैत्यराजा बलि राजाले धेरै नै दान दिई पुण्यका प्रभावले देवराज इन्द्रलाई नै आफ्नो स्वर्गलोक छाड्नुपर्ने अवस्था आएपछि देवताहरूमा हाहाकार हुन्छ । दान दिँदा पाएको पुण्यको प्रभावले शक्ति सञ्चय भई बलि राजामा घमण्ड बढ्छ । अनि 'मेरो द्वारमा आउने जोकोहीले पनि खाली हात फर्किनुपर्दैन, जसले जे मागे पनि दान दिइनेछ' भनी बलि राजाले व्यापक प्रचार प्रसार गराउँछन् । त्यसपछि देवराज इन्द्रसहित सबै देवता गई विष्णु भगवान्कहाँ गई प्रार्थना गर्छन् । देवताहरूको प्रार्थनाबाट प्रभावित विष्णु भगवान्ले बलिराजाको घमण्ड तोड्न वामनको रूप लिई बलि राजासँग भिक्षा माग्न जान्छन् ।

'पुराणमा उल्लेख भए अनुसार अति दानी राजा बलिसँग भगवान् वामनले तीन पाउ जमिन माग्दा पहिलो पाउले अतल, वितल, सुतल, तलातल, महातल, रसातल सात लोक लिनुभयो- अर्को पाउले भू, भवः, स्वहः, जन, मह, तप, सत्य लिनु भयो, त्यसपछि तेस्रो पाउ कहाँ राख्ने भन्ने भयो' -प्राडा घिमिरे भन्छन्- 'अनि बलिले शिरमा राख्न दिए । त्यसपछि बलि पाताल पुगे ।' बलि पाताल पुगेपछि विष्णुले तिम्रो केही इच्छा छ, छ भने माग भनेपछि बलिले आफ्नो द्वारपालका रूपमा विष्णुलाई सधैँ हेर्ने इच्छ राखे । सोही वाचाअनुसार विष्णु पाताल लोकमा बलिको द्वारपाल भएर यो चार महिना बस्छन् भन्ने विश्वास हिन्दु समुदायमा रहेको घिमिरे बताउँछन् ।

त्यस्तै अर्को कथा प्रसङ्ग श्रीस्वास्थानी व्रतकथामा भेटिन्छ । सो कथामा वृन्दा नाम गरेकी जालन्धरकी पत्नी अत्यधिक पतिव्रता हुन्छिन् । उनको सतितत्व अथवा नारीत्व नलुटेसम्म जालन्धरलाई मार्न सकिँदैन भगवान्हरूलाई थियो । भगवान् विष्णुले जालन्धरको रूप धारण गरेर उनको सतित्व लुटेपछि जालन्धरको मृत्यु हुन्छ । भगवान् विष्णुको यो छल थाहा पाएपछि वृन्दाले विष्णुलाई श्राप दिन्छिन् । वृन्दाले विष्णुलाई घाँस (कुश) हुनुपरोस्, झार (तुलसी) हुनुपरोस्, रुख (पीपल) हुनुपरोस् र ढुङ्गा (शिलाजित) हुनुपरोस् भनेर श्राप दिएकी थिइन् । त्यही श्रापअनुसार विष्णु भगवान तुलसीका रूपमा पृथ्वीमा आएका हुन्छन् । त्यसैले तुलसीलाई विष्णुकै रूपमा मानिन्छ । आज रोपिएको तुलसी हुँदा हरिबोधनी एकादशी (कार्तिक शुक्ल एकादशीका) दिन विवाह गर्ने परम्परा छ ।

तर, विष्णुको विष्णुसँगै विवाह भएको भने होइन । तुलसी विष्णुकी पत्नी पनि हुन् । गङ्गा, लक्ष्मी र तुलसी भगवान् विष्णुका पत्नीहरू हुन् भन्ने कुरा देवी भागवत्मा लेखिएको छ । त्यसैले तुलसी तुलसीको विवाह भएको हो भन्छन् घिमिरे । तुलसीका रूपमा भगवान् विष्णु पृथ्वीमा आएको कुरा स्कन्ध पुराणमा पाइन्छ । त्यस्तै वामन भगवान् अर्थात् विष्णु पाताललोक प्रवेश गरेका कारणले हरिबोधनी एकादशीका दिन लक्ष्मीले बलिलाई भाइ बनाएर भगवान् विष्णुलाई पातालबाट छुटाएर पृथ्वी लोकमा ल्याएको कथा श्रीमद्भागवत पुराणमा रहेको बताउँछन घिमिरे ।

# देशभक्ति अझै मरेको छैन



पृथ्वी बस्नेत



विद्धान माननीय डा. स्वर्णिम वाग्लेले अमेरिकी राष्ट्रपति जेम्स मोनरोले सन् १८२३ मा यानिकी आजभन्दा २०१ वर्ष अगाडि युरोपियन उपनिवेशलाई परास्त या निस्तेज गर्दै अमेरिकी सीमा र शक्तिको बिस्तार गर्न अगाडि सारेका मोनरो सिद्धान्तको हवाला दिँदै भारत शक्ति उन्मुख बन्दै गरेको वास्तविकतालाई स्वीकार गर्दै सोही अनुरूप भारतीय राजनीतिक छाताभित्र रहनुपर्ने रकच्चा/सतही/खोक्रो/अपरिपक्व राष्ट्रवादको पछाडि लाग्न नहुने भन्दै दिनुभएको सार्वजनिक अभिव्यक्तिले लाखौं लाख नेपालीहरूको झैं छाँती चस्किँदै मेरो पनि गम्भीर ध्यानाकर्षण भयो ।

निःस्वार्थ देशभक्तिको भावले ओतप्रोत हुँदै उच्च वलिदानीको जगमा पशुपतिनाथ, मुक्तिनाथ, वुद्ध र जानकीको आशिर्वाद लिँदै चन्द्र सूर्य अंकित झण्डा फहराउदै सगरमाथा झैं अटल अजर र अमर बन्दै सगौरव उभिएको सच्चा नेपाली राष्ट्रवाद हो । पुर्खाले देशको सीमा एयर कन्डिशनवाला कोठामा विदेशीको हण्डी खाएर सीसा कलमले कोरेका होइनन् महोदय । नेपाल, नेपाली माटो र नेपाली संस्कृति प्रेमले ओतप्रोत हुँदै, हजारौंहजार वीर-वीरङ्गनाहरूले उच्च बलिदानी गर्दै रगतको मसी प्रयोग गरी वीरताको तरवारले कोरेका सीमा रेखा हुन् महोदय ।

हरेक नेपाल आमाका बहादुर सन्तानले आफ्ना छोराछोरी श्रीमतीसहित युद्धको मैदानमा सँगै लडेर समूल बलिदानी गरी आर्जेको देश हो । स्मरण रहोस् माननीयज्यू अमेरिकामा आफ्ना श्रीमती छोराछोरीहरूलाई सुविधाको जीवन सुनिश्चित गर्दै, आफूले पनि विदेशीको हण्डी खाँदै विदेशीको एजेन्डा बोकेर लडाइँको मोर्चामा गएका थिएनन् महोदय । माननीय वाग्लेज्यू, कृपया नालापानी र देउथलका गौरवपूर्ण इतिहास पढ्नुहोस् । नेपाल आमाका वृद्ध वीर पुत्रद्वय बलभद्र कुँवर र भक्ति थापाले लडेको देशभक्तिको लडाइँ कच्चा राष्ट्रवाद थिएन । महिला, बालबालिकाहरूको बलिदानी सतही र खोक्रो राष्ट्रवादले ओतप्रोत थिएन । विदेशीको छात्रवृत्ति पाएर र डलर खाएर विश्वविद्यालयका पाठ्यक्रम धेरै पढ्नुभयो होला, तर नेपाल पढ्नु भएन छ । नेपाली वीर-वीरङ्गनाको वास्तविक इतिहास जान्नु भएन छ । नेपालको माटोको सुगन्ध सुघ्नु भएको रहेन छ । राष्ट्र निर्माता पृथ्वीनारायण शाहका दिव्योपदेश पढ्नु भएन छ ।

विद्वान माननीय महोदय, तपाईले वकालत गरेको २०१ बर्ष बुढो मोनरो सिद्धान्तले भलै अमेरिकाको भू-सीमा बढाउन सक्यो होला । युरोपियन उपनिवेश हरायो होला । अमेरिकी साम्राज्य फैलियो होला । तर, याद रहोस् माननीय वाग्लेज्यू, त्यही २०१ बर्षे बुढो सिद्धान्तको मार्ग चित्र देखाएर भारतीय सीमा बिस्तार गर्ने, नेपाली राष्ट्रिय सार्वभौमिकता अनि अखण्डतालाई सिध्याउने र भारतीय साम्राज्य बिस्तार गर्न सिखण्डी बन्ने सपना देख्नु भएको छ भने त्यो तपाईको दिवास्वप्न मात्र हुनेछ । महान वीर पुर्खाका सन्तान नेपालीहरूले सहर्ष प्राणको आहुति गर्ने छन् । तर, चन्द्र सूर्य झण्डा झुक्न दिने छैनन् ।

माननीयज्यू, तपाईका यी अभिव्यक्तिहरू तपाईका निष्कासित महासचिव डा. मुकुल ढकालजीले तपाई र तपाईका अध्यक्षज्यू प्रति लगाउनुभएको आरोपसँग मेल खान जान्छ । हिजो माओवादीले भन्ने गरेको कथित जनयुद्ध शुरू गर्नु अगाडि तत्कालिन भारतीय प्रधानमन्त्री अटल बिहारी बाजपेयीका राष्ट्रिय सुरक्षा सलाहकार ब्रजेश मिश्र मार्फत स्वयम् प्रचण्ड र डा. बाबुराम भट्टराईजीले लिखित तमसुक/प्रतिबद्धता भारत सरकार समक्ष बुझाउनु भएको थियो । उक्त समानता र परिबर्तनको नाममा शुरू गरिएको स्वघोषित जनयुद्ध कालान्तरमा धनयुद्धमा परिणत हुँदै आज नेपाल र नेपालीहरूलाई जर्जर अवस्थामा पुऱ्यायो । के तपाई र तपाईको अध्यक्षज्यूले पनि कतै अँध्यारो कोठामा बसेर पुस्तकालयको धुलो खाएर बस्दै गरेको वाद सिद्धान्तका हवाला दिँदै नेपालै सिध्याउने लिखित तमसुक/प्रतिबद्धता जनाउनु भएको छ ?

तपाईले जे-जस्तो गम्भीर देशघाती कुरा उठाउनुभयो, आजसम्म भारतीय दलाल भनेर चिनिएकाहरूले पनि भन्न सकेका थिएनन् । कृपया स्मरण रहोस् नेपालीहरूको रगतमा देशभक्ति मरेको छैन । शान्त नेपालीहरूलाई नजिस्क्याउनुहोस् धेरै महँगो पर्न सक्छ महोदय । सुगौली सन्धीमा राष्ट्रघात गर्ने गजराज मिश्र र चन्द्रशेखर उपाध्यायका दत्तक पुत्र बन्न नखोज्नुहोस् । गजराज मिश्र र चन्द्रशेखर उपाध्यायले देशघात त गरे तर उनीहरू र उनीहरूका सन्ततीहरू कहिल्यै पनि देश फर्कन सकेनन् । कतै नियतीले तपाईहरूलाई पनि त्यतै नपुऱ्याओस् ।

समय-समयमा कुशासन र भ्रष्टाचारले सृजित विकृति र विसंगति समाप्त गर्ने त कहिले समानता र न्याय दिने आदि आदि सपना बाँड्दै छद्मभेषमा विदेशीका एजेन्डा बोकेर नेपाल र नेपालीहरूलाई कमजोर बनाउँदै नेपाल सिध्याउन आउने बहुरूपीहरूसँग समयमै सतर्क र सावधान बन्दै, नेपाली सच्चा राष्ट्रवादको भावना जागृत गरि देशभक्तिको आवाज बुलन्द गरौं । आकाशमा चन्द्र सूर्य रहेसम्म चन्द्र सूर्य अंकित झण्डा फहराई रहने प्रण गर्न म सम्पूर्ण देशभक्त तथा सच्चा राष्ट्रवादी नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक विनम्रताका साथ अनुरोधसहित आह्वान गर्दछु । आफ्ना गैरजिम्मेवार, अपरिपक्व, अराष्ट्रिय तथा बहुलट्ठीपनले लोलुप अभिव्यक्ति फिर्ता लिँदै नेपाल आमा र सच्चा देशभक्त राष्ट्रवादी नेपालीहरू समक्ष सार्वजनिक माफी माग्न माननीय स्वर्णिम वाग्लेजीलाई आग्रह गर्दछु ।

*(बस्नेत बिर्तामोड-१० का वडा सदस्य हुन् ।)*



**बालपनको उमेर** | सुनसरीको इनरुवास्थित सडक किनारको पानी जमेको खेतमा माछा मार्दै बालबालिका। *तस्वीर : रासस*

# ब्राउनसुगरसहित चार जना पक्राउ

**मोरङ, साउन १।** ब्राउन सुगरसहित सुन्दरहरैचाका चार जना युवालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेहरुमा मोरङ सुन्दरहरैचा नगरपालिका-४ का २१ वर्षीय मनिष चौधरी, २५ वर्षीय अशोक ऋषिदेव, ३१ वर्षीय नवीन कार्की र ३२ वर्षीय बिष्णु चौधरी रहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ।

उनीहरुलाई २.१५ ग्राम ब्राउन सुगरसहित विराटनगर महानगरपालिका-१५ स्थित १ नम्बर ढाटबाट लागूऔषध नियन्त्रण ब्यूरो विराटनगरबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको हो। ब्राउन सुगरसहित पक्राउ परेका उनीहरुको थप अनुसन्धान भइरहेको कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरले जनाएको छ।

यता झापाको बिर्तामोड नगरपालिका-३ का १९ बर्षीय विवेक खड्का र २१ वर्षीय सरोज चौधरीलाई भद्रपुर नगरपालिका-५ मेचीपुलबाट ब्राउनसुगर दुई सय ७० मिलिग्रामसहित मेचीपुल बिटबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको प्रहरीले जनाएको छ।

# पाथीभरामा २० लाखभन्दा बढी भेटी



**ताप्लेजुङ, साउन १।** ताप्लेजुङको पाथीभरा (मुकुमलुङ)मा पछिल्लो एक महिनामा २० लाख रुपैयाँभन्दा बढी भेटी सङ्कलन भएको छ।

पाथीभरा क्षेत्र विकास समितिका अनुसार असारमा पाथीभरामा भक्तजनले चढाएको भेटीका रूपमा २० लाख ४४ हजार नौ सय रुपैयाँ भेटी सङ्कलन भएको हो। सङ्कलित भेटी पाथीभरा क्षेत्र विकास समितिले सार्वजनिक गरेको छ।

पाथीभरामा पूजापाठ गर्न पुगेका भक्तजनले चढाएको भेटी गणना गरी सो बराबरको नगद बैंकमा जम्मा गरिएको पाथीभरा क्षेत्र विकास समितिका कार्यकारी निर्देशक प्रजिन हाङबाङले बताए।

तीन हजार सात सय ९४ मिटरको उचाइमा रहेको पाथीभरा मन्दिरमा दर्शनार्थीले चढाएको भेटी रकम पाथीभरा क्षेत्र विकास समितिले सङ्कलन तथा गणना गरी हरेक महिना सार्वजनिक गर्दै आएको छ।

समितिका कार्यकारी निर्देशक हाङबाङका अनुसार आर्थिक वर्ष २०८०/०८१ मा दुई लाख ३१ हजार तीन सय ३४ तीर्थालुले मन्दिरको दर्शन गरेका छन्।

# ८४.५९ प्रतिशत मुद्दा फछ्र्यौट

**झापा, साउन १।** झापा जिल्ला अदालतले चालू आर्थिक वर्ष २०८०/०८१ मा तीन हजार छ सय ३६ मुद्दा फछ्यौट गरेको छ।

चालू अबका लागि राखेको वार्षिक लक्ष्यको ८४ दशमलव ५९ प्रतिशत मुद्दा फछ्यौट गरेको हो। झापा जिल्ला अदालत झापाका प्रमुख न्यायाधीश अशोककुमार बस्नेतका अनुसार अदालतमा दुई वर्ष नाघेका एक सय ९३, एक वर्ष छ महिनादेखि दुई वर्षभित्रका दुई सय ८१ र एक वर्ष छ महिनाभित्रका तीन हजार ९० मुद्दा फछ्यौट हुनु बाँकी रहेको बताए।

'चालू आवमा जिम्मेवारी सरेको दुई हजार सात सय ८६ र नयाँ दर्ता चार हजार चार सय १४ गरी जम्मा सात हजार दुई सय लगत रहेकोमा तीन हजार पाँच सय ६४ मुद्दा फछ्यौट गर्न बाँकी छन्' -उनले भने।

झापा जिल्ला अदालतमा सबैभन्दा धेरै सम्बन्धविच्छेदका एक हजार पाँच सय ७१ मध्ये एक हजार एक सय ७१ मुद्दा चालू आवमा फछ्यौट गरिएको प्रमुख न्यायाधीश बस्नेतले जानकारी दिए। उनका अनुसार अंश चलनका चार सय २१, लागूऔषध दुई सय ५३, जबरजस्ती करणी एक सय ६३, लिखत बदर एक सय ८५, चेक अनादर एक सय ५६, सवारी ज्यान एक सय १८, लेनदेनका एक सय ८४ मुद्दा चालू आवमा फछ्यौट गएिको बताए।

फरक मुद्दा व्यवस्थापन पद्धतिको अवधारणा अनुसार २०८१ श्रावण १ गते देखि स्वचालित पेशी प्रणाली (Automation) गरिने प्रमुख न्यायाधीश बस्नेतले बताए। उनले भने- 'सरल, सामान्य र जटिल प्रकृतीका मुद्दा गरी तीन किसिममा वर्गीकरण गरी सरल प्रकृतीका मुद्दाका लागि सरल मार्गबाट छ महिनाभित्र, सामान्य प्रकृतीका मुद्दाका लागि सामान्य मार्गबाट एक वर्षभित्रमा र जटील प्रकृतीका मुद्दाका लागि विशेष मार्गबाट डेढ बर्षभित्रमा फछ्यौट गर्ने योजना छ।'

चालू आवमा झापा जिल्ला अदालतको कक्षबाटै उच्च अदालत विराटनगर, इलाम इजलासमा श्रव्यदृश्य संवाद मार्फत सुनुवाई गर्ने व्यवस्था गरिएको प्रमुख न्यायाधीश बस्नेतले जानकारी दिए।

# चीनतर्फ हुने अष्ट्रेलियाली मदिरा निर्यातमा वृद्धि

**झापा, साउन १।** अष्ट्रेलियाली सरकारले मे महिनामा चीनतर्फ जाने मदिरा निर्यातमा भएको वृद्धि स्वागतयोग्य भएको बताएको छ।

कृषि, मत्स्य पालन तथा वनमन्त्री मुरे वाटले भने- 'अष्ट्रेलियाले मे महिनामा चीनमा ९८ लाख बन्द बोतल मदिरा (वाइन) निर्यात गरेको थियो जसको कुल मूल्य १४२.२ मिलियन अष्ट्रेलियन डलर (९६.३ मिलियन अमेरिकी डलर) हुन्छ।'

यो सन् २०१९ यता अस्ट्रेलियाबाट चीनतर्फ बोतलबन्द वाइन निर्यातको चौथो उच्च मासिक आँकडा हो। कोभिड-१९ महामारीअघि सन् २०१९ को औसत मासिक निर्यात मूल्यभन्दा मे महिनामा निर्यातको कुल मूल्य पाँच करोड अष्ट्रेलियन डलर (तीन करोड ३८ लाख अमेरिकी डलर) बढी देखिएको छ।

चीनको वाणिज्य मन्त्रालयले गत मार्चमा अष्ट्रेलियाली वाइनमा लगाइएको 'एन्टी डम्पिङ' र 'एन्टी-सब्सिडी' कर अन्त्य गर्ने घोषणा गरेको थियो। मन्त्री वाटद्वारा जारी वक्तब्यमा भनिएको छ- 'मे को निर्यातको आँकडाले चीनसँगको सम्बन्धलाई स्थिर बनाउन सत्तारुढ लेबर पार्टीको कामको महत्वलाई दर्शाउँछ।'

मे महिनामा चीन निर्यात गरिएको बोतल बन्द वाइनमध्ये १२ करोड ५० लाख अष्ट्रेलियाली डलर (आठ करोड ४६ लाख अमेरिकी डलर) बराबरको ७४ लाख लिटर वाइन साउथ अस्ट्रेलिया (एसए) को वाइनरीबाट आएको थियो। वाइन अस्ट्रेलियाका अनुसार अस्ट्रेलियाको वार्षिक वाइन उत्पादनको करिब ५० प्रतिशत हिस्सा दक्षिणी राज्यले ओगटेको छ।

# झापाली समाज युएईद्वारा छात्रवृत्ति



**झापा, साउन १।** झापाली समाज युएईले गरीब तथा जेहेन्दार विद्यार्थीलाई प्रदान गर्ने छात्रवृत्ति मेचीनगर नगरपालिका- १० मा की छात्रा लीला बुढाथोकीलाई हस्तान्तरण गरेको छ।

बुढाथोकीले पाँच हजार पाँच सय नेपाली रुपैयाँ छात्रवृत्ति स्वरुप पाएकी हुन्। यसै वर्षको एसइई परीक्षामा बी प्लस ल्याएर धुलाबारी माविबाट एसइई उत्तीर्ण गरेकी हुन्। उनले गत वर्षबाट झापाली समाज युएईबाट पाँच हजार पाँच सय नेपाली रुपैयाँ छात्रवृत्ति पाएकी थिइन्। झापाली समाज युएईको सहयोगमा एसइई पास गर्ने बुढाथोकी झापाकै पहिलो विद्यार्थी बनेकी छन्।

झापाली समाज युएईका पालिका संयोजक बलराम अर्याल र झापाली समाज युएई नेपाल सम्पर्क समितिका सल्लाहकार गोपी रिजाल साथै धुलाबारी माविका प्रधानध्यापक महेन्द्रबिलाश लुइँटेलले बुढाथोकीलाई बधाई तथा शुभकामना दिँदै अन्य संस्थाभन्दा झापाली समाज युएईले फरकखालको कार्यक्रम ल्याएर गरीब तथा जेहेनदार विद्यार्थीहरूलाई सहयोग गर्दै आएकोमा खुशी व्यक्त गरेका छन्।

वैदेशिक रोजगारीको सिलसिलामा युएईमा श्रमरत झापालीहरुको सामाजिक संस्था झापाली समाज युएईले गरीब तथा जेहेन्दार विद्यार्थीहरुलाई एक अक्षयकोष मार्फत छात्रवृत्ति प्रदान गर्ने गरेको छ। झापाका सबै पालिकाबाट एक-एक जना विद्यार्थीलाई जनही पाँच हजार पाँच सय नेपाली रुपैयाँ छात्रवृत्ति स्वरुप प्रदान गर्दै आएको झापाली समाज युएईका संस्थापक परिकल्पनाकार रामप्रसाद ढुंगेलले जानकारी दिएका छन्। ढुंगेलका अनुसार अक्षयकोषमा १३ लाख नेपाली रुपैयाँ राखिएको छ र कोषको ब्याजबाट प्राप्त रकम स्थानीय वडा र सम्बन्धित विद्यालयको सिफारिसमा कक्षा १० सम्म छात्रवृत्ति प्रदान गर्ने व्यवस्था मिलाइएको छ।

झापाली समाज युएईले विभिन्न समयमा गरेका सांस्कृतिक तथा पिकनिक कार्यक्रमबाट प्राप्त मुनाफाबाट संकलन गरिएको रकममा स्वेच्छिक रूपमा शुभेच्छुकहरुबाट प्राप्त रकमलाई एकमुष्ट रूपमा जम्मा गरेकाले यो छात्रवृत्ति कार्यक्रमले निरन्तरता पाएको झापाली समाज युएईका पूर्व अध्यक्ष अशोक चापागाँईले बताएका छन्।

जिल्ला प्रशासन कार्यालयमा आधिकारिक दर्ता भएको, सुरुङ्गमा कार्यालय रहेको झापाली समाज युएईले आफना आजीवन सदस्यहरुबाट संकलन गरेको रकमबाट पनि करिब १० लाख रुपैयाँलाई पनि अक्षयकोष बनाई उक्त कोशबाट पनि समाजले आफना सदस्यका साथै अन्य विपत्तिहरुमा पनि सहयोग गर्दै आएको झापाली समाज युएईका नेपाल सम्पर्क समितिका अध्यक्ष राजेन्द्रकुमार दाहालले जानकारी दिएका छन्।

झापाली समाजले स्थानीय पालिका, सम्बन्धित बिद्यालय र एक्सल डेभलपमेन्ट बैंकको सहकार्यमा हरेक जाडो मौसममा न्यानो लुगा पनि वितरण गर्ने गरेको झापाली समाज युएईका अध्यक्ष अमरराज राईले बताएका छन्। त्यसैगरी झापाली समाज युएईले बिर्तामोडमा रहेको अपाङ्ग शिक्षा सरोकार केन्द्रलाई पनि एक लाख रुपैयाँको अक्षयकोष स्थापना गरी बर्सेनि छात्रवृत्ति प्रदान गरिरहेको समाजका नेसस पूर्व अध्यक्ष प्रदीप कुमार संग्रौलाले जानकारी दिए।

# अतिक्रमित वन क्षेत्रमा बहुमूल्य प्रजातिको बिरुवा

**बनियानी, साउन १।** वन अतिक्रमण भएका र जोखिममा परेका स्थानलाई खाली गराएर प्रयोगमा ल्याइएको छ।

डिभिजन वन कार्यालय झापाले वन अतिक्रमणमा परेको १.६ हेक्टर जग्गामा खाली गराएर लाहा खेतीका लागि कृसुम रोपण र अतिक्रमणमा परेको १.६७ हेक्टर जग्गामा बहुमूल्य प्रजातिको अगरउड रोपण गरिएको डिभिजन वन कार्यालय झापाका प्रमुख मेघराज राईले जानकारी दिए।

कार्यालयको आयोजनमा भएको जिल्ला वन क्षेत्र समन्वय समितिको बैठक तथा आव २०८०/०८१ को वार्षिक समीक्षा कार्यक्रममा प्रस्तुती दिँदै उनले अतिक्रमित क्षेत्र र अतिक्रणको जोखिममा परेको वन क्षेत्रको संरक्षण गर्दै विरुवा रोपिएको बताए।

युवा उद्यमीलाई प्रोत्साहन स्वरुप वनजन्य उद्यम स्थापनाका लागि एउटा जैविक मल उद्योग स्थापना, याङ्चोक हर्बल उद्योगलाई अगरउड प्रशोधन उद्योग स्थापना, मेचीनगरको मागुरमाडी सामुदायिक वनमा टपरी उद्योग स्थापनाका लागि अनुदान दिएको उनले बताए। कृषि वन र वनलाई उत्पादनसँग जोड्ने कार्यक्रमलाई प्राथमिकता दिइएको उनको भनाइ छ।

कार्यक्रममा भद्रपुर नगरपालिकाका अधिकृत नेत्रप्रकाश पोखेल वन कार्यालयले बिरुवा रोपण मात्र नभई, अनुगमन गर्नुपर्नेमा जोड दिए। 'रोपिएको बिरुवा कति बिरुवा बाँचे त्यो पनि हेर्न जरुरी छ' -उनले भने- 'वन कार्यालयको ध्यान त्यता पनि जाओस्।'

हात्ती नियन्त्रणका लागि निर्माण भएका विद्युतीय तारबार (सोलार फेन्सिङ) निर्माण गर्दा स्थानीय सरकारसँग सहकार्य गर्नुपर्ने र सामुदायिक वनको लेखा परीक्षण पारदर्शी गर्नुपर्ने आवश्यकता उनले औंल्याए। सामुदायिक वन महासंघ झापाका सदस्य चन्द्र तामाङले सोलार फेन्सिङ निर्माणका लागि सामुदायिक वनले पनि लागत सहभागिता जनाउनुपर्ने भए पनि सामुदायिक वनले लगानी गर्न सक्ने अवस्था नरहेको बताए।

सामुदायिक वन महासंघ झापाका अध्यक्ष वेदप्रकाश भण्डारी हात्ती नियन्त्रणका लागि निर्माण गरिएको सोलार फेन्सिङबाट हात्तीले बच्ने उपाउ अपनाउन थालेको बताए। 'हात्ती प्रवेश बढेको छ, वन सम्बन्धी कार्य योजना बनाउँदा ध्यान दिनुपर्ने देखिन्छ।' -उनले भने।

हल्दिबारीको जलथलको वन एसियामै दुर्लभ वन भएकाले सोको संरक्षणमा विशेष ध्यान दिनुपर्ने उनले जोड दिए। कार्यालय प्रमुख मेघराज राईले हात्ती नियन्त्रणका लागि सोलार फेन्सिङ निर्माण गरेर छोड्दा समस्या भएको बताए। मर्मतका लागि बजेट अभाव रहेको बताउँदै उनले स्थानीय तह, समुदाय र डिभिडन वन कायालयले संरक्षण गर्नुपर्ने आवश्यता रहेको बताए।

झापा १० करोड ७६ लाखको लागतमा ७६ किलोमिटर विद्युतीय तारबार निर्माण गरिएको छ। जिल्ला समन्वय समिति झापाका प्रमुख विश्वनाथ बरालको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन वन अधिकृत ऋषिराज पराजुलीले गरेका थिए।


## ताप्लेजुङ -पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।



**ताप्लेजुङ पाथीभरा काउन्टर**
मो. ९८०३२५०४७२
९८०१३६४०९३

## सेफ्टी ट्यांकी चाहिएमा

अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस्। *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ।*



सम्पर्कः दमक, सुरुङ्गा, बिर्तामोड, काँकरभिट्टा, भद्रपुर

| देवराज गिरी | विशाल हरिजन |
| --- | --- |
| ९७०६१९६४०६ | ९८१४९१७७११ |
| ९८४२०७०५८६ | ९८४२७३३६१२ |

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई



बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५, ९८०६०१०४१०
९८४२६३४६२, ०२३-५४६००५

दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

## बराल ट्याक्सी सर्भिस

दमक-बिर्तामोड-जितपुर-मंगलबारे
दैनिक सेवा
रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्

| छुट्ने समय | सम्पर्क (चालक) | |
| --- | --- | --- |
| दमकबाट : बिहान ६ बजे | सन्तोष | जीवन कार्की |
| बिर्तामोडबाट : बिहान ७ बजे | ९८०६०१८१७४ | ९८१६९४०१७३ |
| मंगलबारेबाट : दिउसो १२ बजे | ९८४०३८७६७५ | मे १ ज १६७० |

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

नेपालीहरुको लागि भरपर्दो सेवा

## निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर



Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ।

यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पार्ट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ।

पानीटंकीको पहिलो गल्ली बायाँ साइड सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

*नोटः यहाँबाट निःशुल्क ज्योतिष सेवा उपलब्ध गराइन्छ।*
Youtube Channel : Nishat M jotic kendra




ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** आज तपाईलाई स्वास्थ्यले साथ दिने छैन, शरीरमा आलश्यता पैदा हुनेछ, अनावश्यक चिन्तनले शरीर गलेर जानेछ, मन खिन्न रहला।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** पती, पत्नीबीच थोरै वादविवाद बढ्न सक्छ, समयमै विचार पुऱ्याउनुहोला, सन्तान पक्षबाट सुख मिल्नेछ, सतर्क रहनुहोला।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** तपाईको लागि आजको दिन मिश्रित फलदायी रहेको छ, परिवारजनमा बेमेलको स्थिति रहला, सजग रहनुहोला।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** व्यापार-व्यवसायमा लाभदायक योग रहेको छ, धन लाभ होला, मिष्ठान्न भोजन प्राप्त हुनाले मन प्रशन्न रहने छ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** मनमा खटपटी पैदा हुने समय रहेको छ, कार्यसिद्धीमा बाधा अड्चन आउने छ, घाटाको सामना गर्नुपर्ला, स्वास्थ्यमा बिचार पुऱ्याउनुहोला।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** आजको दिन मिश्रित फलदायी छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, तपाईको सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -** कार्यसिद्धी हुने दिन छ, मान-सम्मान हुनेछ, स्वास्थ्यले, भाग्यले साथ दिनेछ, थोरै पारिवारिक झमेला व्यहोर्नुपर्ने हुनसक्छ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** आजको दिन सामान्य रहने छ, धार्मिक अभिरूची बढेर जानेछ, पैतृक सम्पत्तिमा वादविवादको योग रहेको छ, सतर्क रहनुहोला।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** धार्मिक कार्यमा सहभागी हुने दिन रहेको छ, बोल्दा विचार पुऱ्याउनुहोला, घुँडा तथा ढाडमा समस्या हुन सक्छ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** अनावश्यक खर्च गर्नुपर्दा मन अशान्त रहन्छ, अवसरका निम्ति निक्कै दौडधुप गर्नुपर्छ, पेट सम्बन्धि समस्याले सताउन सक्छ खानपानमा ध्यान पुऱ्याउनुहोला।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** आजको दिन शुभ फलदायी रहेको छ, मान-प्रतिष्ठा बढेर जानेछ, लेनदेनमा विचार पुऱ्याउनुहोला, धार्मिक गतिविधि बढेर जानेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** विपरीत लिङ्गी साथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाईको समय उत्तमसिद्धी रहेको छ।